# नेसनल बोर्ड बैठक

एम्नेस्टी इन्टरनेसनल नेपाल

**मिति :** २०७८ श्रावण ०२ (१७ जुलाई २०२१)
**समय :** बेलुकी ७ बजेदेखि ९ बजेसम्म ।
**अध्यक्षता :** श्री बिक्रम ढुकुछु, अध्यक्ष, नेसनल बोर्ड
**स्थान :** जुममार्फत भर्चुअल्ली सम्पन्न ।

**(क) उपस्थितिः**
१. बिक्रम ढुकुछु, अध्यक्ष
२. पार्वता आचार्य, उपाध्यक्ष
३. बिपिन बुढाथोकी, उपमहासचिव
४. सुरेश प्रसाद उपाध्याय, कोषाध्यक्ष
५. महेश कुमार पौड्याल, सदस्य
६. निखिल पोखेल, सदस्य
७. संगीता चापागाईं, सदस्य
८. शचिता कुईंकेल, सदस्य
८. निराजन थपलिया, निर्देशक

**(ख)विशेष उपस्थिति :** ङ्यानम देवदास, गभर्नेन्स रिफर्म एमओयु प्रोजेक्ट म्यानेजर
प्रणिका कोयु, भाषा अनुवादक

(ख) **निर्णयहरू**

**निर्णय नं. १३६२**

सन् २०२१ को मे २० मा एम्नेस्टी इन्टरनेसनल नेपाल र अन्तर्राष्ट्रिय सचिवालयबीच हस्ताक्षर सम्पन्न भएको समझदारी पत्रको मर्म र भावनाअनुरुप एम्नेस्टी इन्टरनेसनल नेपालको संस्थागत सुधारका लागि विधान, नियमावली, नीति, निर्देशिकालगायतका विभिन्न दस्तावेजहरूलाई संशोधन गरी संस्थागत गर्ने प्रयोजनका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (छैठौं संशोधन) को धारा ९.५ को अधिनमा रही मिति २०७८ साल भाद्र १८ गते शुक्रबारका दिन (सन् २०२१ सेप्टेम्बर ०३) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विशेष साधारण सभा (२९ औं सभा) आह्वान गर्ने निर्णय गरियो । विशेष साधारण सभामा सहभागी हुने प्रतिनिधिहरूलाई मिति २०७८ साल भाद्र १७ गते सभास्थलमा भेला हुने गरी विशेष साधारण सभा आयोजनाको तयारीका लागि सचिवालयलाई आवश्यक सबै प्रकृयाहरू अघि बढाउन निर्देश गर्ने निर्णय गरियो ।